प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशालय

# भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
बागमती प्रदेश, ललितपुर
(कार्यक्षेत्रः काठमाण्डौं, ललितपुर र भक्तपुर)

०१-५५४७३७७
०१-५५४२४४९

Email: vhleclalitpur@gmail.com
Website: vhleclalitpur.p3.gov.np

पत्र संख्याः २०७८/०७९

चलानी नं. १५२

मितिः २०७८/०७/१४

**बिषयः सूचना टाँस गरी दिने बारे ।**

श्री काठमाण्डौ महानगरपालिका, काठमाण्डौ
श्री शंखरापुर न.पा., काठमाण्डौ
श्री कागेश्वरी मनोहरा न.पा., काठमाण्डौ
श्री गोकर्णेश्वर न.पा., काठमाण्डौ
श्री बुढानिलकण्ठ न.पा., काठमाण्डौ
श्री टोखा न.पा., काठमाण्डौ
श्री तारकेश्वर न.पा., काठमाण्डौ
श्री नागार्जुन न.पा., काठमाण्डौ
श्री चन्द्रागिरी न.पा., काठमाण्डौ
श्री किर्तिपुर न.पा., काठमाण्डौ
श्री दक्षिणकाली न.पा., काठमाण्डौ
श्री ललितपुर महानगरपालिका, ललितपुर
श्री महालक्ष्मी न.पा., ललितपुर
श्री गोदावरी न.पा., ललितपुर
श्री कोन्ज्योसोम गा.पा., ललितपुर
श्री महांकाल गा.पा., ललितपुर
श्री बागमती गा.पा., ललितपुर
श्री भक्तपुर न.पा., भक्तपुर
श्री सूर्यविनायक न.पा., भक्तपुर
श्री मध्यपुर थिमी न.पा., भक्तपुर
श्री चाँगुनारायण न.पा., भक्तपुर

प्रस्तुत बिषयमा यस केन्द्रको मिति २०७८।०७।१४ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाहरू यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। उक्त सूचनाहरू ताँहा महानगरपालिका/नगरपालिका/गाँउपालिकाको सूचना पाँटीमा टाँस गरी यस केन्द्रलाई जानकारी दिनु हुन हार्दिक अनुरोध छ ।

२०७८/७/१४

डा.गौरीमान श्रेष्ठ
वरिष्ठ पशु चिकित्सक
(अधिकृत स्तर दशौं)
कार्यालय प्रमुख

श्री पशु सेवा शाखा
वडामा, कार्यालयको सूचना पाटीमा, webpageमा समेत प्रकाशन, प्रेषण गरी केन्द्रलाई जानकारी पठाइदिने।
२०७८/७/१४

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशालय

# भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

बागमती प्रदेश, लगनखेल, ललितपुर
(कार्यक्षेत्र: काठमाण्डौ, ललितपुर र भक्तपुर)

०१-५५४२४४९
०१-५५४७३७७

Email: vhleclalitpur@gmail.com
Website: vhleclalitpur.p3.gov.np

**प्रथम पटक प्रकाशित मिति २०७८।०७।१४**

## पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुरको आ.व. २०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम बढीमा ५०% लागत साझेदारी अनुदानमा संचालनका लागि देहाय बमोजिम स्थान उल्लेख भएका क्षेत्रहरू अन्तर्गतका इच्छुक पशुपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित भएको मितिले तिस (३०) दिन भित्र रू. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य विकास कर्यक्रम संचालन कार्यविधि, २०७८ को अनुसूची २ अनुसारका कागजातहरू, अनुसूची ४ बमोजिमको आवेदन पत्र र अनुसूची ५ बमोजिमको कार्ययोजना संलग्न राखी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुरमा आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी तथा म्याद नाघी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क.सं | कार्यक्रम | इकाई | परिमाण | प्रति इकाई अनुदान रकम | न्युनतम मापदण्ड | आवेदक | लगानी योग्य क्रियाकलापहरू | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १. | गाईभैंसी प्रवर्द्धन कार्यक्रम | पटक | १ | २५ लाख | निजी फार्म भएमा कम्तीमा १५ र समूह/सहकारी भएमा प्रति सदस्य कम्तीमा २ वटा प्रजनन योग्य गाईभैंसी र समूहको हकमा कम्तीमा १० जना सदस्य हुनुपर्ने | समूह/ सहकारी/ निजी उद्यमी | निजीको हकमा कम्तीमा ५० गाईभैंसी अट्ने, समूह/सहकारीको हकमा प्रति सदस्य कम्तीमा ५ गाईभैंसी अट्ने गोठ, ट्रेविज तथा मेशिनरी औजार उपकरण, घाँस खेती, स्थलगत तालिम, परजीवि नियन्त्रण, खोप आदि | ललितपुर महानगरपालिका वडा नं. २६ र २७ |
| २. | दुग्ध उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १५ लाख | निजी फार्म भएमा कम्तीमा १५ र समूह/सहकारी भएमा प्रति सदस्य कम्तीमा ३ वटा गाईभैंसी पालन गरेको हुनुपर्ने | समूह/ सहकारी/ निजी उद्यमी | गाईभैंसीको गोठ निर्माण तथा सुधार, स्वच्छ दुध उत्पादन र विविधिकरणमा प्रयोग हुने यन्त्र उपकरण खरिद | टोखा नगरपालिका वडा नं. १, काठमाण्डौ |
| ३. | निजी क्षेत्रको लागत सहभागितामा गाईपालन प्रवर्द्धन तथा दुग्ध पदार्थ विविधिकरण कार्यक्रम | पटक | १ | २५ लाख | निजी फार्म भएमा कम्तीमा १५ र समूह/सहकारी भएमा प्रति सदस्य कम्तीमा ३ वटा गाईभैंसी पालन गरेको हुनुपर्ने | समूह/ सहकारी/ निजी उद्यमी | गाईभैंसीको गोठ निर्माण तथा सुधार, स्वच्छ दुध उत्पादन र विविधिकरणमा प्रयोग हुने यन्त्र उपकरण खरिद | ललितपुर महानगरपालिका वडा नं. २८ |
| ४. | भैंसी प्रवर्द्धन कार्यक्रम | पटक | १ | २५ लाख | निजी फार्म भएमा कम्तीमा १५ र समूह/सहकारी भएमा प्रति सदस्य कम्तीमा २ वटा प्रजनन योग्य गाईभैंसी र समूहको हकमा कम्तीमा १० जना सदस्य हुनुपर्ने | समूह/ सहकारी/ निजी उद्यमी | निजीको हकमा कम्तीमा ५० गाईभैंसी अट्ने, समूह/सहकारीको हकमा प्रति सदस्य कम्तीमा ५ गाईभैंसी अट्ने गोठ, ट्रेविज तथा मेशिनरी औजार उपकरण, घाँस खेती, स्थलगत तालिम, परजीवि नियन्त्रण, खोप आदि | तारकेश्वर नगरपालिका वडा नं. ३, काठमाण्डौ |
| ५. | साना कृषक लक्षित गाईभैंसी प्रवर्द्धन कार्यक्रम | संख्या | ४० | १ लाख | आवेदकले २-५ वटा सम्म गाईभैंसी पालिरहेको हुनुपर्ने | समूह/ सहकारी | कम्तीमा ५ वटा गाईभैंसी अट्ने गोठ निर्माण, सुधार, काउ म्याट, मिल्क क्यान खरिद | काठमाण्डौ, ललितपुर र भक्तपुर |
| ६. | मझौला कृषक लक्षित गाईभैंसी प्रवर्द्धन कार्यक्रम | संख्या | ८ | ४ लाख | आवेदकले ६-१५ वटा सम्म गाईभैंसी पालिरहेको हुनुपर्ने | समूह/ सहकारी/ निजी उद्यमी | तारबार, फुट बाथ हिल सहितको गोठ निर्माण, काउ म्याट, च्याफ कटर, मिल्क क्यान आदि खरिद | काठमाण्डौ, ललितपुर र भक्तपुर |

डा. गौरीमान श्रेष्ठ
वरिष्ठ पशु चिकित्सक
(अधिकृत स्तर नवौं)
कार्यालय प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | जैविक सुरक्षा सहितको गोठ खोर निर्माण, सुधार (गाई/भैंसी/ बाखा/बंगुर) | संख्या | २० | २ लाख | कम्तीमा ५ वटा गाईभैंसी, २५ माउ बाखा, ५ माउ बंगुर पालन गरेको हुनुपर्ने, | समूह/ सहकारी/ निजी उद्यमी | तारबार, नेट, फुटवाथहिल सहितको गोठ खोर निर्माण | काठमाण्डौ, ललितपुर र भक्तपुर |
| ८. | घाँसवाली श्रोतकेन्द्र स्थापना तथा विकास | संख्या | २ | २ लाख | कम्तीमा १० कठ्ठा क्षेत्रफलमा घाँसखेती गरी बीउ/सेट्स/स्लिप/बेर्ना बिक्री वितरण गरेको हुनुपर्ने | समूह/ सहकारी/ निजी उद्यमी | बहुबर्षे घाँसखेती गरी बीउ/सेट्स/स्लिप/बेर्ना बिक्री वितरण गर्नुपर्ने | काठमाण्डौ, ललितपुर र भक्तपुर |
| ९. | क्षेत्रफलको आधारमा घाँस उत्पादनमा प्रोत्साहन कार्यक्रम | हेक्टर | १५ | प्रति हेक्टर २५ हजार | व्यवसायिक रूपमा पशुपालन गरेको हुनुपर्ने | समूह/ सहकारी/ निजी उद्यमी | हिंउदे, बर्षे तथा बहुबर्षे घाँसका बीउ/सेट्स/स्लिप/बेर्ना खरिद | काठमाण्डौ, ललितपुर र भक्तपुर |
| १०. | कालिजपालन प्रवर्द्धन कार्यक्रम | पटक | १ | २५ लाख | कम्तीमा ५०० संख्यामा कालिजपालन गरेको हुनुपर्ने, कम्तीमा १००० कालिज अट्ने क्षेत्रफल हुनुपर्ने | निजी उद्यमी | ब्रुडर खोर निर्माण, टहरा निर्माण, तारबार नेट, फुटवाथ, हिलवाथ निर्माण, मेशिनरी औजार उपकरण खरिद | महालक्ष्मी न.पा. वडा नं. १ र ९, ललितपुर |

नोटः थप जानकारीको लागि यस केन्द्रको फोन नम्बर ०१-५५४२४४९ वा ५५४७३७७ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

**Website: vhleclalitpur.p3.gov.np** बाट सूचना तथा अनुसूचिहरू डाउनलोड गर्न सक्नु हुनेछ ।

डा. गौरीमान श्रेष्ठ
वरिष्ठ पशु चिकित्सक
(अधिकृत स्तर दशौं)
कार्यालय प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशालय

# भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

बागमती प्रदेश, लगनखेल, ललितपुर
(कार्यक्षेत्रः काठमाण्डौं, ललितपुर र भक्तपुर)

०१-५५४२४४९
०१-५५४७३७७

Email: vhleclalitpur@gmail.com
Website: vhleclalitpur.p3.gov.np

## प्रथम पटक प्रकाशित मिति २०७८।०७।१४

## अति बिपन्न कृषक लक्षित कार्यक्रमको प्रस्ताव आहानको सूचना

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुरको आ.ब. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अति बिपन्न कृषकहरूका लागि **पाडापाडी र बाख्रापालन कार्यक्रम** बढीमा ९०% लागत साझेदारी अनुदानमा संचालनका लागि देहाय बमोजिम स्थान उल्लेख भएका क्षेत्रहरू अन्तर्गतका इच्छुक पशुपालक कृषक समूहले यो सूचना प्रकाशित भएको मितिले तिस (३०) दिन भित्र रू. दश (१०) को हुलाक टिकट टाँसी अति बिपन्न कृषक लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको आवेदन पत्र र अनुसूची ३ बमोजिमको कार्ययोजना र तपसिल अनुसारका कागजातहरू अनिवार्यरूपमा संलग्न राखी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुरमा आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी तथा म्याद नाघी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क.सं | कार्यक्रम | इकाई | परिमाण | प्रति इकाई अनुदान रकम | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|---|---|
| १. | अति बिपन्न कृषकहरूका लागि पाडापाडी र बाख्रापालन कार्यक्रम | पटक | १ | ५० लाख | काठमाण्डौ निर्वाचन क्षेत्र ३(२) |

**संलग्न राख्नुपर्ने कागजातहरू**

१ सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
२ कृषक समूह दर्ता प्रमाण पत्रको प्रतिलिपि
३ समूहको बैठक निर्णय प्रतिलिपि
४ जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ बर्षको करार सम्झौता पत्र
५ सम्बन्धित स्थानीय तहले अति बिपन्न कृषक भनी गरेको सिफारिस पत्र
६ अनुसूचि ४ बमोजिमको कार्य स्थान खुल्ने नक्सा

नोटः थप जानकारीको लागि यस केन्द्रको फोन नम्बर ०१-५५४२४४९ वा ५५४७३७७ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

**Website: vhleclalitpur.p3.gov.np** बाट सूचना तथा अनुसूचिहरू डाउनलोड गर्न सक्नु हुनेछ ।

डा.गौरीमान श्रेष्ठ
बरिष्ठ पशु चिकित्सक
(अधिकृत स्तर दशौं)
कार्यालय प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशालय
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
बागमती प्रदेश, लगनखेल, ललितपुर
(कार्यक्षेत्रः काठमाण्डौं, ललितपुर र भक्तपुर)

०१-५५४२४४९
०१-५५४७३७७

Email: vhleclalitpur@gmail.com
Website: vhleclalitpur.p3.gov.np

## प्रथम पटक प्रकाशित मिति २०७८।०७।१४

## पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुरको आ.ब. २०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम बढीमा ५०% लागत साझेदारी अनुदानमा संचालनका लागि देहाय बमोजिम स्थान उल्लेख भएका क्षेत्रहरू अन्तर्गतका इच्छुक पशुपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित भएको मितिले तिस (३०) दिन भित्र रू. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य मिसन कर्यक्रम संचालन कार्यविधि, २०७८ को अनुसूची २ अनुसारका कागजातहरू, अनुसूची ३ बमोजिमको आवेदन पत्र र अनुसूची ४ बमोजिमको कार्ययोजना संलग्न राखी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुरमा आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी तथा म्याद नाघी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क्र.सं | कार्यक्रम | इकाई | परिमाण | प्रति इकाई अनुदान रकम | न्युनतम मापदण्ड | आवेदक | लगानी योग्य कियाकलापहरू | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १. | बाखा मिसन कार्यक्रम | पटक | २ | २५ लाख | सूचना प्रकाशन भएको मिति भन्दा पहिले संस्था दर्ता भएको हुनु पर्नेछ | समूह/ सहकारी/ निजी उद्यमी | खोर व्यवस्थापन, नश्ल सुधार, पशु आहारा/पशु स्वास्थ्य व्यवस्थापन, बजार व्यवस्थापन | काठमाण्डौ, ललितपुर र भक्तपुर |
| २. | मत्स्य पोखरी क्षेत्र बिस्तार कार्यक्रम (माछा मिसन) | हेक्टर | ४ | प्रति हेक्टर ५ लाख | सूचना प्रकाशन भएको मिति भन्दा पहिले संस्था दर्ता भएको हुनु पर्नेछ | समूह/ सहकारी/ निजी उद्यमी | नयाँ मत्स्य पोखरी निर्माण | काठमाण्डौ, ललितपुर र भक्तपुर |
| ३. | पुरानो मत्स्य पोखरी मर्मत तथा संभार (माछा मिसन) | हेक्टर | २.५ | प्रति हेक्टर २ लाख | सूचना प्रकाशन भएको मिति भन्दा पहिले संस्था दर्ता भएको हुनु पर्नेछ | समूह/ सहकारी/ निजी उद्यमी | पुरानो मत्स्य पोखरी मर्मत संभार | काठमाण्डौ, ललितपुर र भक्तपुर |

नोटः थप जानकारीको लागि यस केन्द्रको फोन नम्बर ०१-५५४२४४९ वा ५५४७३७७ मा सम्पर्क गर्न सक्नु हुनेछ ।
**Website: vhleclalitpur.p3.gov.np** बाट सूचना तथा अनुसूचिहरू डाउनलोड गर्न सक्नु हुनेछ ।

डा.गौरीमान श्रेष्ठ
वरिष्ठ पशु चिकित्सक
(अधिकृत स्तर दशौं)
कार्यालय प्रमुख